# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# देवानगञ्ज, सुनसरी
# कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४
सुचना नं. : ०००0५

मिति: २०८३।०५।१७
ने.स : ११४६ गुलागा २० बुधवार


**देवानगञ्ज गा.पा वडा नं. १ - ७ का सम्पुर्ण कृषकहरु ।**

**विषय : उन्नत जात गहुँको बीउ माग सम्वन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति - २०८३/०५/१७)**

प्रस्तुत विषयमा यस देवानगञ्ज गाउँपालिका अन्तर्गत कृषि विकास शाखाको आ.ब. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नेपाल सरकार शसर्त अनुदान कार्यक्रम तर्फ **खाधान्न बालिको उन्नत बीउ उपयोगमा अनुदान (धान,गहुँ)** कार्यक्रम अन्तर्गत गहुँको बीउ ५० प्रतिशत अनुदान वितरण कार्यक्रम कार्यान्वयन गर्नको लागि मिति २०८३/०५/१० गते को कार्यपालिका बैठक निर्णयनुसार विनियोजित बजेट बमोजिम यस पालिका भित्रका व्यवसायिक कृषक, कृषक समूह,कृषि फर्म र कृषि सहकारी संस्थाहरुले आवश्यक कागजातहरू सहित सूचना प्रकाशित मितिले **१५ दिन (मिति २०८३/०५/३१)** गते भित्र **कृषि विकास शाखामा** आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका निवेदन माथि कुनै कार्बाही हुने छैन। यदि सूचनाको अन्तिम दिन सार्वाजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट आवेदन दिन सकिन्छ।

तपसिल:-

| क्र.स | गहुँ बीउको उन्नत जातहरु | कार्यालयबाट विनियोजित रकम रु. | कृषकहरुको सहभागिता रकम रू. | जम्मा रकम रु. |
|---|---|---|---|---|
| १. | एन.एल.९७१, विजय, आदित्य, जिङ्क गहुँ १, जिङ्क गहुँ २, गौतम | ९,७५,०००।- | ९,७५,०००।- | १९,५०,०००।- |

आवश्यक कागजातहरु:-

१. तोकिएको ढाँचाको निवेदन।

२. नागरिकता र जग्गाको लालपुर्जाको प्रतिलिपी।

३. कृषक समूह,कृषि फर्म र कृषि सहकारी संस्थाहरुको हकमा दर्ता, नवीकरण तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।

४. कृषक समूह र कृषि सहकारी संस्थाहरुको हकमा बैठकको निर्णयको प्रतिलिपी।

५.अन्य सोध भर्ना/लिज करार लिएको जग्गाको प्रमाण खुलेको कागजातको प्रतिलिपी

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

अम्बर बहादुर राई
अधिकृत छैटौं
(कृषि शाखा प्रमुख)

(थप जानकारिका लागि :- ९८४२४४०९०८ , ९८१२३६४३५५, ९८४३१४१२६५, ९८०५३१७०८७ )


देवानगञ्ज, सुनसरी , फोन न.: ९८५२०४३६६७ फ्याक्स :
इमेल : dewanganjmun@gmail.com वेबसाइट:


"खुशी किसान, देवानगञ्जको पहिचान"